# धर्मदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मुडेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल


प.सं. :- २०८१/८२
च.नं. :- ४०४

मितिः २०८१/०८/०६
११४५ कछलागा ०६ बिहिबार

**विषयः कृषक समूह दर्ता तथा नवीकरण गर्ने बारेको सूचना ।**

धर्मदेवी नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधी, २०८१ को दफा ५ बमोजिम दर्ता हुन चाहने कृषक समूहहरु तथा साविकमा दर्ता भई नवीकरणका लागि म्याद पुगेका कृषक समूहहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस नगरपालिकाको कृषि विकास शाखामा तपसिल अनुसारको कागजात सहित दर्ता तथा नवीकरण गर्नुहुन अनुरोध छ । तोकिएको समयभित्र दर्ता तथा नवीकरण नहुने कृषक समूहलाई पालिकाबाट सञ्चालन गरिने कुनै पनि कृषि विकास कार्यक्रमहरुमा सहभागी गराउन नसकिने, अन्य कार्यालयमा गरिने सिफारिसहरु प्रदान गर्न नसकिने तथा तीन आर्थिक वर्षभन्दा बढी समयसम्म नवीकरण नभएका कृषक समूहहरु खारेज हुने बेहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिलः

| कृषक समूह दर्ता गर्न आवश्यक कागजातहरुः | कृषक समूह नवीकरण गर्न आवश्यक कागजातहरुः |
|---|---|
| दर्ताका लागि निवेदन | नवीकरणका लागि निवेदन |
| समूहको निर्णय प्रतिलिपि | समूहको निर्णय प्रतिलिपि |
| कार्यसमितिबाट प्रमाणित विधान २ प्रति | समूह प्रमाणपत्रको सक्कलै प्रति |
| कार्यसमितिका पदाधिकारीको नागरिकताको प्रतिलिपि | स्थायी लेखा नम्बरको प्रतिलिपि |
| सम्बन्धित वडा कार्यालयको सिफारिस | कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| नियमानुसार लाग्ने राजश्व बुझाएको रसिद | नियमानुसार लाग्ने राजश्व बुझाएको रसिद |

..................
सागर पौडेल
कृषि अधिकृत

सागर पौडेल
कृषि अधिकृत


फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

“स्वच्छ,सुन्दर घर, गाउँ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर”